# भरतपुर उप-महानगरपालिका कार्यालय

भरतपुर, चितवन, नेपाल, स्था. २०३५

# BHARATPUR SUB-METROPOLITAN CITY OFFICE

Bharatpur, Chitwan, Nepal, Estd. 1979


प.सं.०७१/०७२/ प्र.शा.

च.नं. २२२०९

मिति :२०७२/१/१६

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार,काठमाण्डौ ।

विषय : वोर्ड वैठकको निर्णय पठाईएको ।

यस भरतपुर उप-महानगरपालिकाको मिति २०७१/१२/३०,मिति २०७२/१/२,९ र १४ गते बसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँप्रति पाना ४ (चार) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ :**

श्री सुचना शाखा,
भ.उ.म.न.पा.कार्यालय (उक्त निर्णय न.पा. को वेभ साइडमा राख्नु हुन) ।

.............................
नारायण प्रसाद सापकोटा
कार्यकारी अधिकृत
कार्यकारी अधिकृत

भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन
२०३५

आज मिति २०७१ साल चैत्र ३० गते सोमबारका दिन यस भरतपुर उप-महानगरपालिकाको वोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटाज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय वमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**
प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटा

**आमन्त्रित :**
वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल

ना.सु. श्री तेजराज खनाल

**<u>निर्णय नं. १</u>**

भरतपुर उप-महानगरपालिका बाट आ.व. ०७१/०७२ को दोश्रो चौमासिकमा सम्पन्न भएका काम कारवाही एवं सेवा प्रवाह संबन्धमा मिति २०७१/११/२९ गते भएको दोश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको प्राप्त प्रदिवेदन उपर यस न.पा. वोर्ड वैठकमा छलफल गरी प्रतिवेदनले औल्याइएका विषय वस्तुहरुलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो

नायब सुब्बा

कानून अधिकृत

भरतपुर उप-महानगरपालिका कार्यालय
भरतपुर, चितवन
२०३५

आज मिति २०७२ साल बैशाख २ गते बुधवारका दिन यस भरतपुर उप-महानगरपालिकाको वोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटाज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय वमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**
प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटा

**आमन्त्रित :**
वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल
कानुन अधिकृत श्री खगेश्वर अधिकारी
ना.सु. श्री तेजराज खनाल

**निर्णय नं. १**

यस भरतपुर उप-महानगरपालिका वडा नं.२ स्थित भानु मार्ग ३१० (तिनसय दश) मिटर सडक कालोपत्रे (पिच) निर्माण गर्ने कार्यको लागत अनुमान जम्मा रु. २२,०९,२३३।३६ (अक्षेरुपी वाईस लाख नौ हजार दुइ सय तेत्तिस रुपैया छत्तिस पैसा मात्र) को कार्य स्थानीय उपभोक्ता समिति मार्फत गराउने र Total Cost Estimate को ५ प्रतिशत मर्मत कोषमा राख्न लगाउने र वजेटको हकमा ५० प्रतिशत जनसहभागीता तथा ५० प्रतिशत न.पा.को आन्तरिक आयबाट खर्च गर्ने निर्णय गरियो । साथै उल्लेखित योजना नगरपरिषद्मा निर्णय गर्न छुट भएतापनि सवै राजनैतिक पार्टी प्रतिनिधिहरु संगको परामर्श बैठकबाट समेत सर्वसम्मत निर्णय भएकोले अनुमोदनका लागि आगामी नगरपरिषद्मा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**
यस भरतपुर उप-महानगरपालिका कार्यालयको स्वामित्वमा रहेको जर्मनी दमकल को पानी फाल्ने पम्प वेरिङ् विग्रीएकोमा मर्मत गर्न अति आबाश्यक भएको हुदा मर्मतको लागि कोटेशन माग गरिएकोमा त्रिदेव मेशीनरी एण्ड पावर टुल्स नारायणगढले रु.९४,०१७- मूल्य अभिवृद्धि कर बाहेक, राम लक्ष्मी मोटर हाउस नारायणगढले रु १,०१,०१०।- मूल्य अभिवृद्धि कर बाहेक र न्यू लक्ष्मी टेड्रस ९६,८,२५।- मूल्य अभिवृद्धि कर बाहेक पेश गरेकोमा सवै भन्दा कम त्रिदेव मेशीनरी एण्ड पावर टुल्स नारायणगढले रु. ९४,०१७- (अक्षेरुपी चौरानब्बे हजार सत्र रुपैया मात्र) मूल्य अभिबृद्धि कर बाहेक पेश गरेको हुदाँ कोटेशनको परिधिभित्र रही उक्त दमकल मर्मत गराउने निर्णय गरियो ।

नायव सुब्बा

कानुन अधिकृत

आज मिति २०७२ साल बैशाख ९ गते बुधबारका दिन बिहान ८:०० वजे यस भरतपुर उप-महानगरपालिकाको वोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटाज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय वमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**
प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटा

**आमन्त्रित :**
वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल
इन्जिनियर श्री विराट घिमिरे
कानुन अधिकृत श्री खगेश्वर अधिकारी
कर अधिकृत श्री लिला राज खरेल
ना.सु. श्री सुरज राज पौडेल
ना.सु. श्री तेजराज खनाल

कानुन अधिकृत

**निर्णय नं. १**
यस भरतपुर उप-महानगरपालिका कार्यालयले आ.व. २०७१/०७२ मा बाताबरण मैत्री स्थानीय शासन कार्यक्रम अन्तरगत बाताबरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेख गरीएका नगरपालिकाको आधारभुत तथा बिकसित सुचकहरुको Baseline तथ्याङ्क संकलन गर्ने कार्यका लागी वाातावरणमैत्री स्थानीय शासन कार्यक्रमबाट विनियोजन गरिएको रु. १,००,०००।- (अक्षेरुपी एकलाख) र नगरपालिकाको आन्तरिक आय बाट रु.४,००,०००।- (अक्षेरुपी चारलाख) विनियोजन गरी जम्मा रु.५,००,०००।- (अक्षेरुपी पाँच लाख मात्र) मा निम्ननुसार सूचना प्रकाशन गरी तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।

## भरतपुर उप-महानगरपालिका को सार्बजनिक सुचना
## सुचना प्रकासित मिति २०७२/०१/१०

**विषय : तथ्याङ्क संकलन गर्ने प्रस्ताब पेश गर्ने सम्बन्धमा ।**

यस कार्यालयले आ.व. २०७१/०७२ मा बाताबरण मैत्री स्थानीय शासन कार्यक्रम अन्तरगत बाताबरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेख गरीएका नगरपालिकाको आधारभुत तथा बिकसित सुचकहरुको Baseline तथ्याङ्क संकलन गर्ने कार्यका लागी निम्न अनुसार हुने गरी यो सुचना प्रकासित गरीएको छ । सुचना प्रकासित मिति ले १५ दिन भित्र घटि घटाउमा उक्त कार्यगर्नको लागी ईच्छुक स्थानीय संघ, संस्था फर्महरुलाई यो सार्बजनिक सुचना द्वारा आव्हान गरीन्छ ।

| | | |
|---|---|---|
| न.पा का सबै २९ बडा हरु | अधिकतम घरधुरी ५५ हजार | कुल अधिकतम रु ५ लाख |

**शर्तहरु :**
१. सबै घरधुरीको तथ्याङ्क संकलन गर्नु पर्ने छ ।
२.सबै तथ्याङ्क Compilation गरी प्रतिबेदन यस कार्यालयमा पेश गर्नु पर्ने छ ।
३.सुचना प्रकासित मिति २०७२/०१/१० बाट १५ दिन भित्र भ.उ.म.न.पा. बाताबरण शाखा बाट रु ३००। तिरि ( फिर्ता नहुने गरी )प्रस्ताब फाराम खरीद गर्न सकिने छ ।
४.अन्य कुरा हरु भ.उ.म.न.पा को निर्णय एंब प्रस्ताब फाराममा उल्लेख भए अनुसार हुने छ ।

आज मिति २०७२ साल बैशाख १४ गते सोमबारका दिन बिहान ८:०० वजे यस भरतपुर उप-महानगरपालिकाको वोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटाज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय वमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**
प्रमुख तथा कार्यकारी अधिकृत श्री नारायण प्रसाद सापकोटा

**आमन्त्रित :**
वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेल
सामुदायिक विकास अधिकृत श्री तुलसी प्रसाद श्रेष्ठ
ना.सु. श्री तेजराज खनाल

कानुन अधिकृत

**निर्णय नं. १**

यस भरतपुर उप-महानगरपालिका घोषणा पछिको प्रथम नगरपरिषद् मिति २०७१/९/२८ गते बसेको बैठकबाट पारित निर्णय नं. ८५ वमोजिम वालकोष संचालन कार्यविधि निर्देशिका २०७१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

Tender notice No. 4/071/072 Bharatpur Sub-Metropolitan City, Tender identitication No. Sub-Metro/Mun/Bhr/W/NCB/006/071/072 Black Topped Road Construction Works Ward No.12 कार्यको लागत अनुमान रु. ५०,२५,९८२।५२ अक्षेरुपी पचास लाख पच्चिस हजार नौ सय वयासी र पैसा वाउन्न -मूल्य अभिवृद्धि कर बाहेक) मात्र रहेकोमा सो कार्यको लागि रोयल विल्डर्स प्रा.लि. भरतपुर-१०, चितवनको रु. ३७,११,५६६।०० अक्षरुपी सैतिस लाख एघार हजार पाँच सय छैसठ्ठी (मूल्य अभिवृद्धि कर बाहेक) रहेकोमा उक्त फर्मको प्राविधिक एवं वित्तिय गुणस्तर मुल्याङ्कन गर्दा सारभुतरुपमा ग्राह्य भएको पाइएकोले रोयल विल्ड्स प्रा.लि.भरतपुर-१०, चितवन सारभुत रुपमा ग्राह्य भएको मुल्याङ्कन समितिको निर्णय बमोजिम उप-महानगरपालिका वोर्ड समक्ष सारभुत रुपमा ग्राह्य भएको मूल्याङ्कन प्रतिवेदन पेश भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (१) बमोजिम रोयल विल्ड्स प्रा.लि.भरतपुर-१० स्वीकृतिका लागि छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

Tender notice No. 4/071/072 Bharatpur Sub-Metropolitan City, Tender identitication No. Sub-Metro/Mun/Bhr/W/NCB/006/071/072 Black Topped Road Construction Works Ward No. 8, 11 कार्यको लागत अनुमान रु. ६५५,११,२६६।७७ अक्षेरुपी पचपन्न लाख एघार हजार दुइसय छैसठ्ठी र पैसा सतहत्तर (मूल्य अभिबृद्धि कर बाहेक) मात्र रहेकोमा सो कार्यको लागि रोयल विल्ड्स प्रा.लि. भरतपुर-१०, चितवनको रु. ४२,९५,०१५।०० अक्षेरुपी वयालिस लाख पन्चानब्वे हजार पन्ध्र (मूल्य अभिवृद्धि कर बाहेक) रहेकोमा उक्त फर्मको प्राविधिक एवं वित्तिय गुणस्तर मूल्याङ्कन गर्दा सारभुत रुपमा ग्राह्य भएको पाइएकोले मूल्याङ्कन समितिको निर्णय वमोजिम उप-महानगरपालिका वोर्ड समक्ष सारभुत रुपमा ग्राह्य भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (१) बमोजिम रोयल विल्ड्स प्रा.लि. भरतपुर-१० स्वीकृतिका लागि छनौट गर्ने निर्णय गरियो ।

नायब सुब्बा